आज मिति २०८०/०४/१३ गते बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | अनु.. |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | अनु.... |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिवकुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुंवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५। | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६। | श्री मान बहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७। | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८। | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०। | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१। | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३। | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४। | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५। | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | अनु.... |
| २६। | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७। | श्री अनिल कुमार | कार्यपालिका सदस्य | अनु.... |
| २८। | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९। | श्री महादेव सुनार | कार्यपालिका सदस्य | अनु.... |
| ३०। | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

धनगढी व्यावसायिक स्कूल संचालनको लागी National Youth Foundation, सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरीय सुधारका लागि शिक्षा लगायत महिला सशक्तिकरण, जिविकोपार्जनका लागी सहयोगी शिक्षा र पर्यावरणमैत्री पर्यटनको विकास सम्बन्धमा International Development Institute (IDI) सँगको सहकार्य सम्बन्धी सम्झौताको बारेमा जानकारी गराईयो । साथै, नेपाल सरकारबाट समायोजन भै आएका स्वास्थ्य तर्फका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८०/०३/०४, २०८०/०३/२५ र मिति २०८०/०४/०८ को परिपत्र र संघीय मामिला तथा सामान्य प्रशसान मन्त्रालयको मिति २०८०/०४/०२ मा भएको परिपत्र, दरबन्दी भन्दा बढी भएका दोहोरो सहमतिका आधारमा समायोजन भै आएकालाई मिति २०८०/०४/०१ देखि फिर्ता पठाईएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो मिति २०८०/०४/०८ को परिपत्रानुसार निजहरुलाई पुनः हाजिरी गराई यथावत कामकाज गर्न लगाईएको विषयहरुका सम्बन्धमा जानकारी गराईयो ।

**निर्णय नं. २:**

मातृभूमि संरक्षण प्रा.लि. का संचालक जिल्ला कैलाली धनगढी उप-महानगरपालिका वडा नं. २ बस्ने हस्त बहादुर शाहले धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी उप-महानगरपालिका, नगर कार्यपालिका र धनगढी उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ समेत विरुद्ध सम्मानित कैलाली जिल्ला अदालतमा धरौटी रकम दिलाई पाउँ (मु.नं. ०७९-cp-०९०९) भन्ने मुद्दा दायर गरी सो मुद्दामा प्रतिउत्तर पत्र दर्ता गर्न भनी मिति २०८०/०३/३१ मा म्याद तामेल भएकोमा धनगढी उप-महानगरपालिकाको तर्फबाट सम्मानित अदालतमा उपस्थित भई प्रतिउत्तर पत्र दर्ता गरी मुद्दाको तारिखमा बसी रुजु हाजिर रही मुद्दाको पुर्पक्षका लागि जिल्ला कैलाली, धनगढी उप-महानगरपालिका वडा नं. ७ बस्ने भागीराम चौधरीको छोरा वर्ष ३२ को राज कुमार चौधरीलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३:**

जिल्ला कैलाली धनगढी उप-महानगरपालिका वडा नं. २ बस्ने ओम राज पाठकले यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, ऐ. उप-महानगरपालिकाका नगर प्रमुख गोपाल हमाल र ऐ. उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ समेत विरुद्ध "करार यथावत गराई पाउँ" भंन्ने मुद्दा नं. ०७९-cp-०९५२ को मुद्दा दिँदा सो मुद्दामा प्रतिउत्तर लगाउन भनी सम्मानित कैलाली जिल्ला अदालतबाट जारी भएको म्याद मिति २०८०/०३/३१ मा बुझि धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयका तर्फबाट सम्मानित अदालतमा उपस्थित भई प्रतिउत्तरपत्र दर्ता गरी मुद्दामा तारिखमा बसी मुद्दाको पुर्पक्षका लागि रुजु हाजिर रही सम्पूर्ण कार्य गर्नका लागि जिल्ला कैलाली, धनगढी उप-महानगरपालिका वडा नं. ७ बस्ने भागीराम चौधरीको छोरा वर्ष ३२ को राज कुमार चौधरीलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिकाको विभिन्न मुद्दाहरुमा हाजिर भई तारेख (वारेस) बापत तारेख लिने व्यक्तिलाई वारेसले तारेख लिए बापत प्रति तारेखको जिल्ला अदालतको रु. ५,००।– (अक्षरुपी पाँच सय मात्र ।), उच्च अदालतको रु. ७००।–(अक्षरुपी सात सय मात्र ।) र सर्वोच्च अदालतको रु. १०००।–(अक्षरुपी एक हजार मात्र ।) का दरले वारेसको बिल भर्पाइ अनुरुपको खर्च धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

आ.व. ०८०/०८१ का लागि नगर दररेट निर्धारण समितिद्वारा निर्णय भई स्वीकृतीका लागि सिफारिस भई आएको नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो । साथै मिति २०७९/०८/१२ को नगर स्तरीय दररेट निर्धारण समितिबाट Heavy Equipment भाडामा लिने कार्यका लागि निर्धारण गरेको न्यूनतम दररेट सम्बन्धी निर्णयलाई पनि अनुमोदन गरियो ।

**निर्णय नं. ६:**

यस धनगढी उप-महानगरपालिकाको आ.ब. २०८०/०८१ का लागि तपसिल बमोजिमका आय ठेक्का बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई सबैभन्दा बढी कबोल गर्नेहरु मध्येबाट स्वीकृत तथा सम्झौता गरिएकाहरुको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल:-**

| सि.न. | ठेक्काको विवरण | न्युनतम कायम रकम (मु.अ.कर सहित) | लागु मिति | ठेक्का रकम (भ्याट सहित) | समाप्ति मिति | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | फोहोर व्यवस्थापन शुल्क | ५०,००,०००/- | २०८० श्रावण १ | १,०२,२२,२२१/- | २०८१ अषाढ मसान्त | श्री नन्दा देवी सेवा केन्द्र, धनगढी | |
| २ | वहाल बिटौरी कर | २०,००,०००/- | २०८० श्रावण १ | ३५,६१,१९५/- | २०८१ अषाढ मसान्त | बालाजी कन्स्ट्रक्सन, धनगढी | |
| ३ | पार्किंग शुल्क र बस पार्क टर्मिनल भवन | ५४,००,०००/- | २०८० श्रावण ११ | ८८,१४,०००/- | २०८५ अषाढ मसान्त सम्म | श्री एन.के.कन्स्ट्रक्सन, अमरगढी डडेलधुरा | प्रत्येक बर्ष बढेको रकममा ५% ले बृद्दी हुदै जाने गरि |
| ४ | कवाड कर | २,४०,००,०००/- | २०८० भाद्र १ | २,७७,४२,६३०/- | २०८१ अषाढ मसान्त | सोनुराज ट्रेड एण्ड सप्लायर्स, धनगढी -२ | |
| ५ | भारतबाट आयातहुने माछा, मासु, जन्य जस्तु, तरकारी आदि | ४०,६७,०००/- | २०८० श्रावण १ | ७९,९९,९०१/- | २०८१ अषाढ मसान्त | सोनी कन्स्ट्रक्सन, कृष्णपुर २, कन्चनपुर | |

**निर्णय नं ७:**

मिति २०८०।०४।०९ गते बसेको नगर स्तरिय राजश्व परामर्श समितिको बैठकबाट निर्णय भई आएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल:**

१. यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढीले आ.ब. २०८०/०८१ का लागि नदि जन्य पदार्थको संकलन उत्खनन गरि रोयल्टी संकलन गर्नका लागि चालु आ.ब. २०८०/०१८१ सम्म प्राम्भिक वातावरणीय परिक्षण (IEE) को समयावधि रहेको सोही IEE का आधारमा आ.ब. २०८०/०८१ को नदी जन्य पदार्थको ठेक्का व्यवस्थापन गर्नका लागि उक्त IEE ले तोकेको घाटगद्दी स्थलहरु मा नदी जन्य पदार्थकोम मात्रा/परिमाणको अवस्था अध्ययन गरि सो का आधारमा ठेक्का व्यवस्थापन गर्नका लागि यसै कार्यालयमा वातावरण अधिकृत श्री अशोक अवस्थी लाई सात (७) दिन भित्र प्रतिवेदन पेश गर्ने गरि खटाउने।

२. यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको पश्चिम-दक्षिण तिर रहेका व्यापारिक भवनमा रहेका तल उल्लेखित सटरहरुको सम्झौता अवधि यहि २०८० श्रावण मसान्तमा समाप्त हुन गई रहेकोले उक्त सटरहरुलाई पुनः बहाल मा लगाउनु पर्ने भएकोले हाल बहालमा रहेको दरमा १०% ले वृद्धि गरि र प्रति वर्ष वृद्धि हुने रकममा १०% ले वृद्धि हुने गरि मिति २०८५ श्रावण मसान्त सम्म ५ (पाँच) वर्षका लागि भाडा दिनका लागि शिलबन्दी दररेटको सूचना प्रकाशित गर्ने।

**नयाँ सपिङग कम्प्लेक्स पश्चिम पट्टि**

| कोठा न. | दर (रु.) | कैफियत |
|---|---|---|
| ४ | २४,२००।- | |
| ५ | १७,०००।- | |
| ६ | २१,२००।- | |
| ८ | १७,६००।- | |
| ९ | १९,५००।- | |
| १० | २४,९००।- | |
| १२ | २२,५००।- | |
| १३ | २२,४००।- | |
| १४ | २४,८००।- | |
| १६ | १५,१००।- | |

३. बहाल करको दर निर्धारण गरिदा खोका तथा कच्ची घर (पसल) को दर निर्धारण गर्न आर्थिक ऐन, २०८० मा छुट हुन गएकोले खोका तथा कच्ची घरको मासिक भाडा दर रु. १,५००।- तोक्ने गरि सिफारिस गर्ने निर्णय गरियो। साथै अर्ध कच्ची घरको रु. २,०००।- तोक्ने।

४. व्यवसाय कर अन्तर्गत साईकल भाडामा दिने व्यवसायीहरुको व्यवसायकर निर्धारण गर्न आर्थिक ऐन, २०८० मा छुट हुन गएकोले उक्त व्यवसायको वार्षिक व्यवसायकर रु. २,०००।- तोक्ने ।

५. धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा अनुमति नलिई संचालनमा रहेका निजी विद्यालयहरुलाई देहाय बमोजिम जरिवाना तोक्ने।

आधारभूत तह पहिलो पटक का लागि रु. ३०,०००|-

माध्यमिक तह पहिलो पटक का लागि रु. ५०,०००|-

दोश्रो पटक का लागि माथि तोकिएको रकमको दोब्बर जरिवाना लिईनेछ।

६. धनगढी बजारको मेनरोड लगायतका स्थानमा सडक विस्तारको क्रममा टुटेका घरहरुको बहाल करको लागत कट्टी गर्ने सम्बन्धमा नगर कार्यपालिकाको कार्यालय, धनगढीको नाप नक्सा शाखाबाट लगत भिडान गरी बहाल करको रेकर्डबाट घटाउन/हटाउन सक्ने।

७. नगर भित्रका खाली जमिन भाडामा दिदा निम्न बमोजिमको भाडादर निर्धारण गर्ने।

- कृषी प्रयोजनका लागि (प्रति कट्ठा ) रू.१,०००/-
- व्यापारिक प्रयोजनका लागि (प्रति कट्ठा ) रू.५ ,०००/-

८. बहाल बिटौरी कर संकलन गर्ने प्रयोजनका लागि धनगढी उ.म.न.पा.भित्र पटके रुपमा खसी/बोका/बंगुर ल्याएर जिउँदै बेचेर जाने किसानलाई प्रति गोटा रु.५०/- तोक्ने।

९. धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढीको भोग चलनमा रहेको १ (एक) बिघा क्षेत्रफल रहेको धनगढी-४ स्थित दक्षिणकाली मार्गको फलफुल, तरकारी तथा माछा मासु बजार भाडामा लिएको हाल २०८०/०३/१७ गते बाट सम्झौता समाप्त भएको ओम राज पाठकसँग बहाल कर तिर्नका लागि पत्राचार गर्ने र असुल गर्ने।

१०. धनगढी–१ बन्देबी मन्दिर दक्षिण तर्फ रहेको त्रिनगर मा.वि.को स्वामित्वको जग्गामा रहेको कित्ता नं. ११४९ क्षेत्रफल ०–१५–१२ मा रहेको त्रिनगर कृषि हाटबजार साझेदारीमा ठेक्का लगाउन त्रिनगर मा.वि. धनगढी–१ को व्यवस्थापन समितिको निर्णयका आधारमा नगर प्रमुख ज्यू को सदर टिप्पणी अनुसार मिति २०८०।०४।०४ गते लिबन्दी दरभाउपत्रको १५ दिने सुचना खोलिएकोले उक्त सुचना अनुमोदन गर्ने।

न्यूनतम बढाबढ अंक रु ६,००,०००|– (मु.अ.कर बाहेक)

बाँडफाँड प्रतिशत ३० प्रतिशत धनगढी उप–महानगरपालिका र ७० प्रतिशत त्रिनगर मा.वि. धनगढी।

पुनश्चः– हाटबजार भित्र सरसफाई, बिजुली, खानेपानी र शौचालय व्यवस्थापन ठेक्का लिने पक्षले गर्नु पर्ने छ।

**निर्णय नं. ८:**

यस धनगढी उप-महानगरपालिकाको **"धनगढी उप-महानगरपालिका नगर प्रहरी (व्यवस्थापन) कार्यविधि, २०७९" (पहिलो संशोधन, २०८०)** लाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

यस धनगढी उप-महानगरपालिकामा संचालित क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत निर्माण भईरहेको सडक तथा नाली निर्माण कार्यमा पुराना पोलको ठाउँ नयाँ ११m. का P.S.C. पोल लगाउनु पर्ने भएकोले १०० (एक सय) थान ११ m. विद्युत पोल उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १० :**

धनगढी उप-महानगरपालिकाको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान नियमावली, २०८० को नियम ३ को उपनियम १ को खण्ड (ग) बमोजिम ३ शैक्षिक सत्र (२०७७, २०७८ र २०७९) को औसत विद्यार्थी संख्या न्यून रहेका, नियम ३ को उपनियम १ को खण्ड (छ) तथा नियम ६ बमोजिम शिक्षक दरबन्दी संख्या न्यून रहेका देहायका विद्यालयहरुको तह वा कक्षा मिलान गरी देहायका विद्यालयमा समायोजन गर्ने सम्बन्धमा नगर शिक्षा समितिको मिति २०८०/०४/१० गतेको निर्णयबाट सिफारिस भए अनुसार विद्यालयहरु समायोजन गर्ने निर्णय गरियो ।

(क) देहायका आधारभूत विद्यालयको कक्षा १-३ देहायका विद्यालयमा समायोजन/कक्षा मिलान गर्ने

| क्र.सं. | समायोजन/मिलान हुने विद्यालयको विवरण | | | | शि.वि. अनुपात | समायोजन/मिलान गरिने विद्यालय |
|---|---|---|---|---|---|---|
| | नाम | कक्षा | औसत | दरबन्दी | | |
| १ | जोकैया आवि, धनगढी-११, जोकैया | १-३ | २५ | १ | २५ | बेला आवि, धनगढी-११, बेला |
| २ | नेपाल भू पू सैनिकआवि, धनगढी-१८, फुलबारी | १-३ | २३ | २ | ११ | खप्नडी आवि, धनगढी-१८, फुलबारी |

**नोट:** समायोजन हुने विद्यालयबाट कक्षा १-३ समायोजन/मिलान गरिने विद्यालयमा समायोजन मिलान भए पश्चात समायोजन हुने विद्यालयमा बालविकास कक्षा मात्र सञ्चालन गर्ने ।

(ख) देहायका आधारभूत विद्यालयको कक्षा १-५ देहायका विद्यालयमा समायोजन/कक्षा मिलान गर्ने

| क्र.सं. | समायोजन/मिलान हुने विद्यालयको विवरण | | | | शि.वि. अनुपात | समायोजन/मिलान गरिने विद्यालय |
|---|---|---|---|---|---|---|
| | नाम | कक्षा | औसत | दरबन्दी | | |
| १ | शैलेश्वरी आवि, धनगढी-२, सरस्वती नगर | १-५ | ६२ | ४ | १६ | शारदा मावि, धनगढी-२, बैयाबेहडी |
| २ | नवज्योति आवि, धनगढी-७, तिल्कीचौक | १-५ | ४६ | ४ | १२ | शिव मावि, धनगढी-७, देवहरिया |
| ३ | बेहडा बाबा आवि, धनगढी-१२, जुगेडा | १-५ | ४७ | १ | ४७ | सिद्धनाथ मावि, धनगढी-१२, जुगेडा |

**नोट:** समायोजन हुने विद्यालयबाट कक्षा १-५ समायोजन/मिलान गरिने विद्यालयमा समायोजन मिलान भए पश्चात समायोजन हुने विद्यालयमा बालविकास कक्षा मात्र सञ्चालन गर्ने ।

(ग) आधारभूत तहका देहायका विद्यालयको कक्षा ४ र ५ देहायका विद्यालयमा समायोजन/कक्षा मिलान गर्ने

| क्र.सं. | समायोजन/मिलान हुने विद्यालयको विवरण | | | | शि.वि. अनुपात | समायोजन गरिने विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|---|---|
| | नाम | कक्षा | औसत | दरबन्दी | | |
| १ | कालिका आवि, धनगढी-१७, धुर्जन्ना | ५ | १०० | १ | १०० | न्यू कालिका आवि, धनगढी-१७, धुर्जन्ना |

**नोट:** समायोजन हुने विद्यालयबाट कक्षा ४-५ समायोजन/मिलान गरिने विद्यालयमा समायोजन मिलान भए पश्चात समायोजन हुने विद्यालयमा कक्षा बालविकास देखि कक्षा ३ सम्म मात्र सञ्चालन गर्ने ।

(घ) आधारभूत तहका देहायका विद्यालयको कक्षा ६-८ देहायका विद्यालयमा समायोजन/मिलान गर्ने

| क्र.सं. | समायोजन/मिलान हुने विद्यालयको विवरण | | | | शि.वि. अनुपात | समायोजन/मिलान गरिने विद्यालय |
|---|---|---|---|---|---|---|
| | नाम | कक्षा | औसत | दरबन्दी | | |
| १ | राष्ट्रिय आवि, धनगढी-५, तारानगर | १-८ | ४९ | २ | २५ | पञ्चोदय मावि, धनगढी-५, हसनपुर |
| २ | भैरब बाबा आवि, धनगढी-६, मटियारी | १-८ | ७१ | १ | ७१ | बासुदेवी मावि, धनगढी-६, रघुनगर |
| ३ | सरस्वती आवि, धनगढी-९, बंगराकटान | १-८ | २९ | ० | ० | धनगढी न. प्रा. मावि, धनगढी-८, धनगढीगाउँ |
| ४ | नवदुर्गा आवि, धनगढी-१२, जनकवस्ती | १-८ | ९८ | ० | ० | दुर्गा आवि, धनगढी-१२, दुर्गावस्ती |
| ५ | सिद्धार्थ आवि, धनगढी-१४, एच गाउँ | १-८ | ५९ | २ | ३० | सर्वोदय मावि, धनगढी-१४, फुलबारी |
| ६ | जन जागृति आवि, धनगढी-१५, कनरी | १-८ | ६१ | ० | ० | राष्ट्रिय मावि, धनगढी-१५, उर्मी |

**नोट:** समायोजन हुने विद्यालयबाट कक्षा ६-८ समायोजन/मिलान गरिने विद्यालयमा समायोजन मिलान भए पश्चात समायोजन हुने विद्यालयमा कक्षा बालविकास देखि कक्षा ५ सम्म मात्र सञ्चालन गर्ने ।

(ङ) माध्यमिक तहका देहायका विद्यालयको कक्षा ९-१० देहायका विद्यालयमा समायोजन/मिलान गर्ने

| क्र.सं. | समायोजन हुने विद्यालयको | | | | शि.वि. अनुपात | समायोजन गरिने विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|---|---|
| | नाम | कक्षा | औषत | दरबन्दी | | |
| १ | जनता राष्ट्रिय मावि, धनगढी-१३, राजपुर | १-१० | ३८ | ० | ० | जनता राष्ट्रिय मावि, धनगढी-१३, कैलालीगाउँ |
| २ | दिपेन्द्र चारपातेमावि, धनगढी-१६, भादा | १-१० | ४८ | ० | ० | बेहडा बाबा मावि, धनगढी-१६, घसिटा |

नोटः समायोजन हुने विद्यालयबाट कक्षा ९-१० समायोजन/मिलान गरिने विद्यालयमा समायोजन मिलान भए पश्चात समायोजन हुने विद्यालयमा कक्षा बालविकास देखि कक्षा ८ सम्म मात्र सञ्चालन गर्ने।

आजको बैठक अन्त गरियो।